मितिः २०८०/०१/२९

श्री माननीय मोहनबहादुर बस्नेत
स्वास्थ्य तथा जनसंख्या मन्त्री
नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं, नेपाल

**विषयः धूम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन नियन्त्रण सम्बन्धमा ।**

माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री ज्यू,

सर्वप्रथम यहाँले स्वास्थ्य तथा जनसंख्या मन्त्रीको रुपमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी बहन गर्नु भएकोमा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहान्छौं ।

माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री ज्यू,


धूम्रपान तथा सूर्तिसेवन मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक छन् । यसको सेवनले विश्वमा हरेक वर्ष ८० लाख भन्दा बढि मानिसहरुको मृत्यु हुने गर्दछ भने नेपालमा हरेक वर्ष ३७ हजार पाँच सय व्यक्तिको अल्पआयुमै मृत्यु हुन्छ । जुन नेपालमा हुने कुल मृत्युको झण्डै १९.४% रहेको छ । हाल नेपालमा कुल जनसंख्याको झण्डै २९% मानिस धूम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन गर्दछन् । एक्सन नेपालले हालसालै गरेको सूर्तिजन्य पदार्थको सेवनबाट हुने क्यान्सर रोगको निदान तथा उपचार सेवामा आउने बिरामीको आर्थिक भार सम्बन्धी अध्ययनले १६% बिरामीले उपचारका लागि आफ्नो घरखेत बेच्ने गरेको देखाएको छ ।

सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्रि, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सरकारले २०६८ सालमा सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ जारि गरेको यहाँलाई सर्व विदितै छ ।

तसर्थ धूम्रपान तथा सूर्तिसेवनले मानव जीवनको आर्थिक, सामाजिक र साँस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकाले सो कार्यलाई नियन्त्रण गरि सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न निम्न बुँदाहरु कार्यान्वयन गर्न जरुरी भएको व्यहोरा अनुरोध छ ।

१. सूर्तिजन्य पदार्थमा विश्व बैंक (World Bank) र विश्व स्वास्थ्य संगठन (WHO) ले तोके बमोजिम कर निर्धारण गर्नु पर्ने ।

- नेपालमा सूर्तिजन्य पदार्थको खुद्रा मुल्यमा दक्षिण एशियाकै सबैभन्दा कम कर (३३%) रहेको तर विश्व स्वास्थ्य संगठन (WHO) र विश्व बैंक (World Bank) ले सूर्तिजन्य पदार्थको खुद्रा मुल्यमा कम्तिमा ७५% कर लागु गर्नुपर्ने व्यवस्था गरेको हुँदा हाल सूर्तिजन्य पदार्थमा कायम अन्तः शुल्क दर र स्वास्थ्य जोखिम कर परिमार्जन गरि ७५% लागु गर्नु पर्ने । सोको लागि चुरोटमा कायम अन्तः शुल्क दर १८% लाई ५४% र स्वास्थ्य जोखिम कर ६० पैसा प्रति खिल्लीलाई १ रुपैयाँ प्रति खिल्ली बनाउन तथा अन्य सूर्तिजन्य पदार्थको कर पनि कम्तीमा ७५% पुग्ने गरि बढाउन अर्थ मन्त्रालयमा पहल गर्नु पर्ने ।




*Source: Global tobacco index*

२. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ लाई संशोधन गर्नु पर्ने ।

- २०७२ साल पस्चात देश संघीयतामा गएको । सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ ले संघीयताको भावनालाई आत्मसाथ गर्न नसकेकोले प्रचलित ऐनलाई संघीयताको भावना अनुकुल संशोधन गर्न आवश्यक भएको ।
- सूर्तिजन्य पदार्थ सेवनका कारणले गर्दा क्यान्सर, हृदयघात, क्षयरोग, मस्तिष्कघात, दम लगाएतका रोगहरुको प्रकोप हुने भएकोले सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न बनेको उक्त ऐन विश्वव्यापी मान्यता अनुरुप समय समयमा संशोधन गर्न आवश्यक रहेको ।
- नेपाल WHO Framework Convention On Tobacco Control (FCTC) को सदस्य राष्ट्र भएको हुँदा उक्त Convention का प्रावधानहरुलाई अनिवार्यरुपमा लागु गर्नु पर्ने नेपालको दायित्व भएको ।
- विश्व स्वास्थ्य संगठन (WHO) ले समय समयमा जारी गरेको निर्देशन, सुझावको पालना तथा WHO FCTC को प्रावधानको कार्यान्वयन र संघीयताको अनुकुल समेतका लागि प्रचलित सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ मा संशोधन आवश्यक रहेको ।
- तसर्थ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समेतको सहमति लिई मिति २०७६ पौष २१ मा नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उक्त ऐन संशोधनको विधेयक संघीय संसदमा पेश गर्ने विषयको प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरेको तर,
- हाल सम्म मन्त्रिपरिषद्बाट कुनै निर्णय नभएको हुँदा उक्त ऐन मन्त्रिपरिषद्बाट शिघ्र निर्णय भई संघीय संसदमा पेश हुन आवश्यक रहेको ।

३. नेपालमा उत्पादन हुने तथा विदेशबाट आयातित सम्पूर्ण सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट,ब्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा ९०% चेतावनीमूलक सन्देश तदारुकताका साथ प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०६१ कार्तिक १३ का दिन सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने निर्देशिका) संशोधन गरेको । सो कार्यान्वयन हुन नपाउदै सूर्ती उद्योगीहरुले सो निर्देशिका खारेज गर्नु पर्ने भन्दै २०७१ माघ १५ मा सर्वोच्चमा रिट दायर गरेको ।
- एक्सन नेपालका तर्फबाट पनि २०७१ चैत्र २ मा काउन्टर रिट दायर भएको र ४० पटकको पेशी पछि २०७९ भाद्र १२ मा सर्वोच्च अदालतले सूर्ती उद्योगीको रिट खारेज गर्दै ९०% चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका तत्काल कार्यान्वयन गर्न परमादेश जारि गरेको भएतापनि यसको पूर्ण रुपमा कार्यान्वयन नभएकोले यथाशिघ्र कार्यान्वयनको लागि निर्देशन हुन ।

४. स्वास्थ्य कर कोषको वैज्ञानिक परिचालन गरिदिन हुन ।

- नेपाल सरकारले धूम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रण र यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि स्थापना गरेको स्वास्थ्य कर कोषको प्रभावकारी कार्यान्वयन हुन नसकेकोले सोको वैज्ञानिक ढंगबाट परिचालन गर्न, गराउन निर्देशन हुन अनुरोध छ ।

डा. तारा सिंह बम
**क्षेत्रिय निर्देशक**
द युनियन, सिंगापुर

आनन्द बहादुर चन्द
**अध्यक्ष**
एक्सन नेपाल